जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

# जैमिनी नगरपालिका, कुश्मीसेरा

## बागलुङ

**बिषयगत क्षेत्र बिकास र स्रोतसाधनको अधिकतम परिचालनका लागि बिज्ञ सम्मेलनबाट पारित**

**जैमिनी घोषणा पत्र २०७९**

जैमिनी नगरपालिकाको आयोजनामा मिति २०७९।१२।१८ र १९ गते शिक्षा, स्वास्थ्य, कृषि, पशुपंक्षी, अर्थ सार्वजनिक वित्त व्यवस्थापन, स्थानीय तह बिकास, पूर्वाधार विकास, पर्यटन, कृषि अनुसन्धान र बाँदर नियन्त्रण जस्ता बिषय क्षेत्रहरुका सम्बन्धमा क्षेत्रगत बिकास र स्रोतसाधनको अधिकतम परिचालनका लागि बिज्ञ सम्मेलन गरी विषय विज्ञहरु नेपाल सरकारका सचिव डा. गोबिन्दप्रसाद शर्मा, शिक्षाविद प्रा.डा. श्री विद्यानाथ कोइराला, पर्यटन विज्ञ प्रा.डा. हिमलाल घिमिरे, श्वास्थ्य बिज्ञ डा. बिमल चालिसे, पशुपंक्षी विज्ञ डा. ग्रिष्म न्योपाने, नेपाल सरकारका उप सचिव देवीप्रसाद सुवेदी, स्थानीय तह विकास विज्ञ पूर्व नगरप्रमुख इ. दिपकबाबु कँडेल, पूर्वाधार क्षेत्रका विज्ञ सिनियर इ. रामबाबु पौडेल, छत्रदेव गाउँपालिका पूर्व अध्यक्ष लेखनाथ पोखरेल, वाली वैज्ञानिक रमेश आचार्य ज्युहरुको प्रस्तुती र जैमिनी नगरपालिकाका नगरप्रमुख, उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्यहरु, नगरसभा सदस्यहरु, विषयगत शाखाका कर्मचारीहरु, प्रधानाध्यापक, शिक्षकका पेशागत संघ संगठनका प्रतिनिधिहरु, पत्रकारहरु, नगरपालिका स्थित राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधिहरु, समाजिक संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, निर्माण व्यबसायी र बिभिन्न क्षेत्रका उद्दमीहरुको उपस्थितिमा संचालित "बिषयगत क्षेत्रगत बिकास र स्रोतसाधनको अधिकतम परिचालनका लागि बिज्ञ सम्मेलन" बाट प्राप्त सुझावका आधारमा यस नगरपालिका **बिषयगत क्षेत्र बिकास र स्रोतसाधनको अधिकतम परिचालन** सम्बन्धी देहाय बमोजिम जैमिनी घोषणा पत्र २०७९ जारी गर्दछ ।

१. नगरपालिकाको तात्कालिक र दिर्घकालिन लक्ष्य निर्धारण गरी योजना निर्माणका साथ अगाडी बढने ।

२. जैमिनी नगरपालिका भित्रका बिद्यालयहरु एकिकरण र समायोजनलाइ अगाडी बढाउदै क्रमशः सबै वडाहरुमा आवाशिय लिड बिद्यालयहरुको प्रबन्ध गर्दै जाने ।

३. कमाउदै पढ्दैको अवधारणालाइ अगाडी वढाउने सोका लागि बिद्यालयमा करेशावारीको व्यबस्था मिलाउने र बिद्यालयहरुमा Revolving Fund को व्यवस्था गरी शिक्षकलाई ल्यापटप जस्ता शैक्षिक सामग्री खरिदका लागि मागका आधारमा शैक्षिक ऋण उपलव्ध गराउने ।

४. कृषि तथा पशुजन्य उत्पादनमा लागत अनुदानमा भन्दा उत्पादन र बिक्रीमा आधारित अनुदान र सहुलियत ऋणलाइ प्रोत्साहन गर्ने तथा पशु कृषि बिमाका लागि अनुदान उपलव्ध गराउने ।

नर बहादुर पुन
नगर प्रमुख

५. कृषिमा चक्रिय प्रणाली अपनाउदै कृषि र पशुजन्य उत्पादनको बजारीकरणका लागि ब्रान्डीङ, लेवलीङ, र प्याकेजिङ गर्ने गराउने ।

६. स्वास्थ्य तर्फ Tele Medicine Network स्थापना, स्वास्थ्य बिमाको पहुँच विस्तार र नगर अस्पतालमा MD GP डाक्टर एवम् Ambulance को राम्रो सेवा सुनिश्चित गर्ने ।

७. पूर्वाधार निर्माणमा बिपद न्युनिकरण गर्दै नगरपालिकाको उत्थानशिल बिकास निर्माण कार्यलाइ अगाडी बढाउने ।

८. निजी तथा अन्य सरोकारवाला निकाय संगको समन्वयमा पर्यटन पूर्वाधार बिकासलाइ सवल बनाउदै स्थानीय कला संस्कृति झल्कने पर्यटन क्षेत्रको बिकास गर्ने ।

९. नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवालाइ सहज सुलभ बनाउन सूचना प्रबिधी संग जोड्दै नागरिकको हत्केला बाटै सेवा प्राप्त हुने संयन्त्र निर्माण गर्ने ।

१०. राजश्व परिचालन र अन्य क्षेत्रमा दरिलो तथ्यांक आधार तयार गर्न समग्र सूचना प्रणालीलाइ प्रभावकारी बनाउने र सार्वजनिक बित्त व्यबस्थापन तथा अन्य क्षेत्रलाइ थप व्यबस्थित गर्न ऐन, नियम, कार्यविधि र योजना निर्माण गर्ने ।

११. बाँदरको आतंकवाट पिडित कृषकहरुलाइ राहत दिन छिमेकी पालिका हरुमा भए गरेका असल अभ्यासहरुको अवलम्बन गर्ने र तत्कालिन र दिर्घकालिन समाधानका उपायहरुको खोजी गर्ने र संघिय र प्रदेश सरकारसंग बाँदर नियन्त्रणमा देखिएका कानूनी अडचन निराकरणका लागि समन्वय गर्ने ।

१२. स्थानीय लगानीलाइ विशेष प्राथमिकता दिँदै लागानी मैत्री वातावरण निर्माण गर्दै जाने ।

१३. यस सम्मेलनबाट प्राप्त बिषयगत सुझावहरु लाइ नगरपालिकाको बास्तविक स्थिती संग समायोजन गर्दै भावि नीति, योजना र कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने सोका लागि बिभिन्न बिषय क्षेत्रमा कार्य गर्ने अनुभवी सरोकारवालाहरु संग छलफल, सम्वाद, समन्वय र सहकार्य गर्ने ।

नर बहादुर पुन
नगर प्रमुख